**Tribhuvan University Journal**
**Vol. 36, No. 1: 211-224, June, 2021**
**Research Directorate, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v36i01.43629

# नेपालमा नारी तबलावादक र चुनौतीहरू

***परशुराम प्रसाद पौडेल***

*उप-प्राध्यापक, ललितकला क्याम्पस, काठमाडौँ, त्रि.वि. ।*
*इमेल : parsuram.poudel@gmail.com*

## लेखसार

वाद्यवादनमा तबलावादन सङ्गीतक्षेत्रको अभिन्न अङ्ग रही आएको छ । ताल विना सङ्गीतका अन्य क्षेत्रहरू गायन, सुरवादन तथा नृत्य अधुरो मानिन्छ। पूर्वीय सङ्गीतको क्षेत्रमा ताल सम्बन्धी साङ्गीतिक प्रस्तुतिको मुख्य माध्यमको रूपमा तबला वादनलाई प्रमुख प्राथमिकता दिइँदै आइरहेको पाइन्छ । परम्परागत रूपबाट तबलामा विभिन्न घरानाका वादन शैलीहरूलाई आजको स्थितिसम्म ल्याउनको लागि पुरूष तबला वादकहरू झैँ महिला तबला वादकहरूको पनि भूमिका रहेको छ । ती प्रत्यक्ष अप्रत्यक्ष भूमिकाले यथार्थपरक परिवेशलाई उजागर गरेका छन् र आजको स्थितिमा ल्याएका छन् । आधा आकाश ढाकेर रहेका यस सृष्टिका अभिन्न अङ्ग तथा सृष्टि र सृजनामा अपरिहार्य एवं अनिवार्य भूमिका वहन गर्दै आइरहेका नारी शक्तिको सङ्गीत जगत्को तबला वादनको क्षेत्रमा पनि उत्तिकै सशक्त भूमिका देखिन्छ आफ्नो तन, मन र धनको बलिदान गर्दै आइरहेका नारीका प्रशस्त उदाहरणहरू यथार्थमा यत्रतत्र भेटिएका तथ्यहरूलाई जानकारीमा ल्याउनु यसको मुख्य ध्येय रहेको छ ।

**शब्दकुञ्जी** : सङ्गीत - वाद्यवादन - सुर - ताल - पखावज ।

## विषयपरिचय

सङ्गीत कला ललितकला अन्तर्गतको एक प्रमुख पक्ष हो । गायन, वाद्यवादन तथा नृत्य सङ्गीतका हाँगाहरू हुन् (Chaudhari 2000) । त्यसमध्ये वादनलाई स्वर-वादन र ताल-वादन गरि दुई भागमा बाँड्न सकिन्छ (Shukla 2003) । सङ्गीतका सात स्वरहरू सा, रे, ग, म, प, ध, नि स्वर निष्काशन मार्फत आत्मरञ्जन गराउने किसिमका .बाजा स्वर बाजा अन्तर्गत पर्दछन् । अर्थात् सप्त स्वरहरूको यथोचित प्रयोगबाट सङ्गीत सृजना गरिने तत्, सुषिर वर्गका बाजाहरू वीणा, सितार, सरोद, सारंगी, बाँसुरी सहनाई, बेला, हार्मोनियम, सन्तुर आदि बाजाहरू स्वर बाजाहरू हुन् (Mishra 1992) । वाद्यवादन सङ्गीतअन्तर्गत स्वर बाजाहरू झैँ ताल प्रदायक बाजाहरू अर्को महत्त्वपूर्ण पक्ष हो । गायन, वादन र नृत्य गर्दा अपरिहार्य रूपमा प्रस्तुत गरिने ताल वादन जस्तै : दुन्दुभी, मृदङ्ग, पखावज, मादल, तबला,

ढोल, खोल, झ्याँझ, झ्याली, खैँजडी आदि वादनमा विगतदेखि नै महिला वादिकाहरूको उल्लेख्य भूमिका रहँदै आएको छ । आजको परिस्थितिमा पनि तराई, पहाड र हिमाल भेगमा मनाइने विविध चाडपर्वहरू जन्म, विवाह आदि  कर्महरूमा ढोलक, खैँजडी, काँस, मादल, मृदङ्ग, ढोल, नगाडा आदि ताल प्रधान बाजाहरूको वादन कार्य नारी वर्गद्वारा पनि सम्पादित रहेका छन् । त्यसैगरी सङ्गीतका विविध शैलीहरूमध्ये शास्त्रीय सङ्गीत अन्तर्गतको तबला वादनको क्षेत्रमा पनि इतिहासका भिन्न भिन्न कालखण्डहरूमा एक प्रखर कलाकारको रूपमा नारी शक्तिले आफ्नो प्रभाव, कौशल प्रदर्शन गर्दै आइरहेका छन् । विशेषगरी विगतदेखि वर्तमानसम्म तबला वादकको रूपमा विश्व परिवेश र नेपालमा को को महिला कलाकार कस्तो अवस्था, भूमिका र योगदानहरू रहेका छन् त्यस्ता प्रश्नहरूको उत्तर खोज्ने विषयवस्तुमा केन्द्रित रही यथार्थ निचोडमा आउनु तथा पूर्वीय पुरूष प्रधान समाजमा तबला वादकको रूपमा नारी शक्तिको यथार्थ चित्रण गर्नमा लेख केन्द्रित रहेको छ ।

नारी र प्रकृति समानार्थी शब्दहरू हुन्। त्यस्तै प्रकृति र पुरूषको समायोजनबाट नै आजसम्मको सृष्टि चलि नै रहेको छ र यो क्रम चलि नै रहनेछ । सङ्गीत पनि सृष्टिको अभिन्न अङ्ग हो । जसरी परापूर्वकालदेखि सङ्गीतको प्रस्तुति गर्न पुरूष वर्गको भूमिका रही आएको छ त्यसरी नै साङ्गीतिक कलाकारितामा महिलाको अथक र अमूल्य साधनाविना सङ्गीतको अस्तित्वमा नै अधुरोपन महसुस हुन्छ । सुर र तालको संगमलाई सङ्गीत भनिए झैँ नारी र पुरूषको आ-आफ्ना संवेगात्मक एवं संयोगात्मक भूमिकाको वरिपरि रहेर नै सङ्गीतकला सिर्जना भएको पाइन्छ । प्रकृतिपरक सुकुमारता, कोमलता, भक्ति, प्रेम, ममता, आत्मियता, श्रृङ्गार, करूणा, चपलता आदि पक्षहरू नारी वर्गको वैशिष्यता हुन् भने सङ्गीतकला अन्तर्गतको गायन कला, वादन कला तथा नृत्य सबै नारीमा निहित उपरोक्त वैशिष्यताबाट कहिल्यै अछुतो रहन सकेका छैनन् (प्रधान २०१४) । रति, करूणा, हास्य आदि भावहरू नारी शक्तिमा निहित भइकन सङ्गीतका प्रत्येक सृजनाहरूमा अन्तनिर्हित रूपमा,  परोक्ष प्रत्यक्ष रूपमा केन्द्रित हुने गर्दछन् । अर्को शब्दमा भन्नु पर्दा भावहरू विना न त मानव जीवन सम्भव छ, न त सङ्गीत सिर्जनाको कल्पना सार्थक हुन्छ । तसर्थ सङ्गीत र मानवीय स्वभावको सम्बन्ध एक आपसमा अन्योन्याश्रित हुन्छ । सङ्गीतको अभ्यास र साधना आत्मसन्तुष्टि र चित्त रञ्जन हुँदै मुक्तितर्फ केन्द्रित हुन्छ । भाव र रस विनाको सङ्गीत अपूर्ण हुन्छ (बसन्त १९९१) । यस दृष्टिकोणबाट हेर्दा नारीमा रहेका प्रकृति प्रदत्त विशेषताहरू  सङ्गीतका लागि अपरिहार्य पक्षहरू हुन् । एक अनुसन्धानले  लैङ्गिक आधारमा बाजाहरूको चयनमा  पुरूषलाई तबला बादनको लागि उपयुक्त रहेको उल्लेख गरिएको छ (Hallam *et al.* 2008) । तर भिन्न भिन्न काल खण्डमा सङ्गीतको क्षेत्रमा नारी सहभागिता प्रशस्त रहेको पाइन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार गर्नको लागि मुख्य गरि द्वितीयक स्रोतका प्राप्त सामग्रीहरूको अध्ययन लगायत कलाकारहरूसँगको व्यक्तिगत वार्तालापलाई आधार मानेर निचोडमा ल्याइएको छ । यस लेखको विषय र सन्दर्भलाई पूर्णता दिन आवश्यकता अनुरूप पुस्तक, पत्रपत्रिका, ग्रन्थहरू लगायत इन्टरनेटको प्रयोग आदिलाई सान्दर्भिक स्रोतको रूपमा राख्दै अध्येता स्वयं तबला वादक भएकोले आफ्ना व्यक्तिगत दृष्टिकोण एवं अन्य कलाकारहरूको विचारधारा, भनाइहरूलाई पनि उपयोग गरिएको छ ।


## पौराणिक कालमा नारी र सङ्गीत

हिन्दु धर्म र संस्कृति परापूर्व कालदेखि चलि आएको परम्परागत, रितिस्थिति, चाल चलनबाट निर्देशित हुँदैआएको हो । देवी देवताहरूको उत्पत्ति सम्बन्धमा निश्चित मिति यकिन नभए तापनि वेदको रचना कालका सम्बन्धमा पूर्वीय र पश्चिमा इतिहासकारहरूले आ-आफ्नै धारणा  व्यक्त गरेका छन् । पूर्वीय विद्वान्हरूको मत अनुसार वैदिक काल २५ हजार देखि ५० हजार वर्ष पुरानो समय खण्ड हो भने पश्चिमा विद्वान्हरूले वैदिक काललाई निकै पछाडि धकेलेरै ईसाभन्दा १५००-२००० वर्ष (Singh 1994) मात्र पुरानो मान्दै आएका छन् । पौराणिक कथन अनुसार देवी सरस्वतीलाई सङ्गीतकी  अधिष्ठात्रीका (Poudel 2021) रूपमा प्रतिष्ठापित गरिएको र आज पर्यन्त यही मूल्य मान्यतालाई मानिँदै आएको छ । माता पार्वतीको लास्य नृत्य तथा पार्वती माताबाट रचित कौशिक रागलाई  आजसम्म पनि कलाकारहरूले गायन वादन गर्दै आइरहेका छन् (बसन्त १९९१) । स्वर्गका अप्सराहरू उर्वशी, मेनका, रम्भा, तिलोत्तमा नाचगानमा निपूर्ण थिए भन्ने कुरा पौराणिक ग्रन्थहरूमा बारबार पढ्न पाइन्छ । गोप-गोपिनीहरूद्वारा गरिएको कृष्णको भक्तिगाथा, मिराको भजन अन्य  साङ्गीतिक उदाहरणहरू हुन् । प्राचिन कालमा हुने गरेका अश्वमेघ यज्ञमा पुरोहितहरूले गर्ने गाथा गानमा नारीहरूले वीणा, दुन्दुभी, करताल, काँस, मृदङ्ग वादन गर्दै साथ दिने गर्दथे (Acharya 2056) । सामगानका गायक वा उद्गाताको साथमा सहयोगी गायक गायिकाहरूले साथ दिने गर्दथे। 'बाण' नामक बाजाको पनि प्रयोग गरिन्थ्यो (ऋग्वेद १।८५।१०) । यजुर्वेदको ३० औं काण्डको १९ र २० औ मन्त्रमा आडम्बर, वीणा, तुणब, पाणि र तलव बाजाहरूको उल्लेख गरिएको छ (Singh 1994) । उत्सव आदि समारोहमा सानो आकारको  तालबाजा 'दुन्दुभी' को प्रयोग हुन्थ्यो भने युद्ध आदि कार्यमा भूमि दुन्दुभी र ठूलो आकारका दुन्दुभीको प्रयोग गरिन्थ्यो । प्रणव, दर्दुर, मृदङ्ग, तास आदि अन्य ताल बाजाहरूको पनि वादन प्रचलित थियो । भगवान गणेश मृदङ्ग वादनमा पारंगत थिए भने महाभारत काल खण्डमा महान योद्धा अर्जुन पखावज वादनका ज्ञाता थिए ।

## मध्यकालमा नारी र सङ्गीत


इतिहासमा विविध काल खण्डहरूमा सिर्जना गरिएका चित्रहरूमा मृदङ्ग, ताँस, झ्याली,  नगाडा आदि बजाउँदै गरेका नारी शक्तिहरूको चित्रण गरिएको छ। राग-भैरविको,

राग वसन्तको चित्रमा मृदङ्ग, ताँस, शंख, वादन गर्दै गरेका महिलाहरू देखिन्छन् भने राग सारंगको चित्रमा झ्याली, खैंजडी र मृदङ्ग वादकका रूपमा महिला देखिन्छन (Dixit 2005) । यी चित्रहरूले सङ्गीत गरे अनुसार वैदिक गानदेखि लिएर अन्य साङ्गीतिक प्रस्तुतिहरूमा साथसंगत गर्ने कार्यमा स्त्री वर्गलाई विशेष रूपमा चुनिने गरिन्थो भन्ने सहजै अनुमान गर्न सकिन्छ । त्यसैले पनि प्राचिन कालदेखि मध्यकाल हुँदै आजको समयसम्मको लामो इतिहासको अध्ययनबाट पनि स्त्री शक्तिहरू  सङ्गीत विधामा निपूर्ण भएको तथ्य सिद्ध हुन्छ । ताल वादनको सन्दर्भमा प्राचीन काल र मध्यकालमा नारी शक्तिलाई संगतकारको रूपमा लिइने गरिएको पाइए तापनि गायन, स्वर वादन तथा नृत्यमा भने स्त्री वर्गहरूको मुख्य भूमिका रहेको स्पष्ट हुन्छ किनभने विगतका ५० वर्ष यताका बाहेक अन्य साहित्यहरूको अध्ययन गर्दा मूर्तिकारी तथा चित्रकारी बाहेक कहीँ कतै महिला ताल वादकहरूको संक्षेपमा पनि चर्चा पाइएन । चित्रकारीको सन्दर्भमा अध्ययन गर्दा भिन्न भिन्न काल खण्डका चित्रकार हरूले तबला जोडी बजाइरहेको महिलाको चित्राङ्कन गरेका केही उदाहरणहरू पाइएका छन् । सत्यता यो पनि हो कि चित्रकारहरूले काल्पनिक मात्र होइन समाजका यथार्थ व्यवहार हरूलाई आफ्नो कृतिमा उतार्ने गर्दछन् । चित्र नं. १ (क) सन् १६२७ देखि सन् १६५८ बीचको शाहजहाँको राज्यकालको हो जसमा तबला जोडी बजाउँदै गरेको नारी (Shukla 2003) चित्रित गरिएको छ । त्यस्तै चित्र नं. १ (ख)  जुन सन् १७२०-१७४८ तिर मुहम्मद शाह रंगीलेको कालमा चित्राङ्कन गरिएको हो (Shukla 2003) । त्यसै गरी चित्र नं. २ र ३ अनुसार १३ औं शताब्दीतिर उडिसाको कोणार्कमा  बनेको सूर्य मन्दिरमा रहेको मूर्तिमा ताल बाजा झ्याली र मृदङ्ग बजाउँदै गरेका नारी मूर्तिको  निर्माण भएको पाइएको छ (Sen 2005) । इजिप्टका Solomon's Mine मा भएको अन्वेषणबाट १४ औं शताब्दीतिर ढुङ्गामा कुँदिएको चित्रमा महिला कलाकार ताल बाजा बजाउँदै गरेको भेटिएको छ । यी त केही मात्र उदाहरणहरू हुन ।  ऐतिहासिक दस्तावेजहरूमा यस्ता प्रमाणहरू थुप्रै पाइएका छन् ।




(क) (ख)

**चित्र नं. १:** तबला जोडी बजाउँदै गरेकी नारी




**चित्र - २:** मृदङ्ग बजाउँदै गरेकी नारी




**चित्र - ३:** झ्याली बजाउँदै गरेकी नारी

चौंथो शताब्दीतिर रचना गरिएको नाट्यशास्त्रको तालाध्यायमा (Bhattarai 2039) आचार्य भरतले विभिन्न प्राचीन तालहरूको वर्णन गरेको पाइए तापनि ताल वादकहरूको नाम उल्लेख गरेका छैनन्। त्यस्तै १३ औँ शताब्दीतिरका प्राचीन ग्रन्थहरूमा पनि पुरूष तथा नारी, कुनै ताल वादकहरूको कुनै चर्चा पाईँदैन तर पनि भारतीय महाद्विपका गुफाहरूका प्रस्तरहरूमा तबलाको जननी बाजाको रूपमा मानिने त्रिपुस्कर बजाउँदै गरेका महिलाका केही मूर्ति आज पनि देख्न पाइन्छ । पहिलो शताब्दीतिर रचना गरिएको कामसूत्र ग्रन्थमा ६४ कलामध्ये सङ्गीत कलालाई महिला वर्गको प्रमुख योग्यता र क्षमताको रूपमा उल्लेख गरिएको पाइन्छ । दक्षिण एसियामा परम्परागत रूपमा चल्दै आइरहेको शास्त्रीय सङ्गीतको प्रचार, प्रसार, विकास र अन्वेषण आदि दृष्टिकोणमा हालको भारत अन्य देशहरूभन्दा अब्बल दर्जामा रहेको पाइएको छ । छिमेकी राष्ट्र भारत लगायत श्रीलंका, बंगलादेश, पाकिस्तान, नेपाल लगायत अन्य अरेबियन देशहरू अफगानिस्तान, इरान, इराक, यमन देशमा पूर्वीय शास्त्रीय सङ्गीतको प्रस्तुति आजसम्म रही आएको छ । भारतमा नारी तबला जानकारको प्रसङ्ग लिनु पर्दा लखनउ घरानाका सस्थापक उ.मोदु खाँकी पत्नी सम्बन्धी सदर्न्भ उल्लेख्य रही आएको छ (Kippen 1991) भने हाल पश्चिमा मुलुकहरूमा समेत पूर्वीय शास्त्रीय सङ्गीतको शिक्षा, तालिम तथा प्रस्तुतिपरक विविध कार्यक्रमहरू नगन्य मात्रामा हुने गरेको छ ।

## विश्व परिवेशमा नारी तबलावादक

शास्त्रीय सङ्गीतको उर्वर भूमिको रूपमा परिचित भारत देशमा नारी तबला जानकारको प्रसङ्ग लिनु पर्दा सन् १७८० देखि १८२६ तिरका उ. मोद खाँकी पत्नी (नाम अज्ञात्) सम्बन्धी सन्दर्भ हालसम्म पनि उदाहरणीय रहिआएको छ । ऐतिहासिक प्रसङ्ग अनुसार बनारस घरानाका प्रवर्तक पं राम सहायले (Sahai 2020) आफ्नो गुरू उ.मोदु खाँ घर बाहिर भएको बेलामा आफ्नो गुरूआमाबाट (Srivastav 2010) ५०० जति तबलाका

गतहरू सिक्नु भएको थियो । यी ५०० गतहरूलाई पढन्त गर्न र बनाउन साथ साथै सिकाउन पनि शिक्षक आफैंले तबला नबजाई सम्भव हुँदैन भन्ने कुरामा अन्य मत नहोला । त्यसर्थ ती गुरूआमा तबलाका जानकार मात्र नभई कुशल तबला वादिका हुनुहुन्थ्यो भन्ने कुरामा इतिहास किन मौन रह्यो ? प्रश्न उठ्नु स्वभाविक छ । त्यस्तै सन् १९२५ को आसपासमा प्रख्यात गायिका केसरवाई केलकरको भनाइअनुसार उहाँले मृदङ्गाचार्य नाना साहब पानसेकी सुपुत्री तथा त्यस बेलाकी पखावज वादिका एवं गुरूआमा रहेकी जानकारी उल्लेख छ (Mishtri 2000) । लखनउका उस्ताद मोदु खाँको अलावा उ.बख्शु खाँ, उ.मम्मन खाँले आफ्ना श्रीमतीहरूलाई तबलाको उचित तालिम दिएको कुरा हाथरस कार्यालयबाट प्रकाशित 'सङ्गीत' पत्रिकाको महिला अंकमा उल्लेख छ। "ताल कुसुम" पुस्तककी भारतीय लेखिका पनि आफ्नो समयमा तबला सम्बन्धी वादन एवं लेखन कार्यमा नामचिन महिला कलाकार हुनुहुन्छ। लखनउ र फरूखावादका उस्तादहरूले आफ्ना श्रीमती र छोरीहरूलाई तबला तालिम दिएको प्रसङ्ग आवान ए मिस्त्री ले उल्लेख गर्नु भएको छ (Mishtri 1999) । भारतमा तबला वादनको क्षेत्रमा उच्च शिक्षा प्राप्त गर्ने वरिष्ठ महिला कलाकारहरूको नाम लिँदा स्व.डा.आवान इ मिस्त्री, डा.योगमाया शुक्ला हुनुहुन्छ भने अन्य प्रख्यात तबला वादिकाहरूमा अनुराधा पाल, सङ्गीता अग्नीहोत्री, शोभा कुदेशिया, सिता गुप्ता, रिम्पा सिवा, मुक्ता रास्ते, सावनी तलवलकर, रेश्मा पण्डित आदि लगायत धेरै महिला कलाकारहरू रहेका छन् । हाल क्रियाशील पखावज वादिकाहरूमा चित्रांगना आगले, महिमा उपाध्याय, अनुजा बरूडे , गार्गी सेजवाल, चारू हरिहरण आदि मुख्य छन् । त्यस्तै तबला वादनको क्षेत्रमा अर्को प्रसिद्ध देश पाकिस्तानमा विगतदेखि नै निकै विद्वान् तबला वादकहरूले आफ्नो कला कौशलद्वारा सिञ्चित गर्नु भए तापनि महिला तबला वादकहरूको नाम पाउन अत्यन्त मुस्किल छ । हाल पाकिस्तानमा एक मात्र महिला तबलावादिका Sumaira Waris रहेको देखिन्छ। तबला वादनको क्षेत्रमा महिला तबला कलाकारको रूपमा जापानमा Leo Hayashi, रसियामा Hanna Pashkevich, श्रीलङ्कामा Raniththri Dissanayake तथा क्यानडामा Ramona Slyvan आदि रहेका छन् ।

## नेपाली नारी तबलावादकहरू

शास्त्रीय सङ्गीतअन्तर्गतको तबलावादन विश्व सङ्गीत प्रसिद्दी परिवेशमा प्रचलित ताल बाजा हो। विशेष गरी पुरूष वर्गको पकड र प्रसिद्दी रहेको तबला वादनमा नेपाली नारी तबला वादकहरूको नाम पनि सङ्ख्यात्मक र केही गुणात्मक हिसाबले उल्लेख्य देखिन्छ । शास्त्रीय सङ्गीतको स्वर्णयुगका (Regmi 2003) रूपमा नेपालमा वीर शमशेरको शासनकाललाई लिने गरिए तापनि त्यस ताकाका दरबारी नारी कलाकारहरू गायन क्षेत्रमा लागेका थिए भने सम्भवतः केही नृत्यमा समर्पित भए होलान् तर त्यस ताका तबला वादकको रूपमा केही पुरूष तबला वादकको नाम मात्र भेटिए पनि नारी तबला वादकको नाम वि.सं. १९३२-२००२ ताकाभन्दा अगाडि भेटिएको छैन । आठौं राणा प्रधानमन्त्री जुद्ध समशेरको

शासनकालमा आफ्नो दरबारमा पं कालीप्रसाद शर्मालाई तबला गुरूको रूपमा नियुक्त गरिएको र अन्य भारदार लगायत अलैची नानि र कमला नानिलाई तबला बादनको तालिम दिएर पारङ्गत बनाएको उल्लेख पाइन्छ (Shrestha 2066) । नेपालमा वि.सं. २००७ मा प्रजातन्त्रको उदय पश्चात् मात्र तबला वादनले लैङ्गिक सीमा नाघेको पाइन्छ । केही उल्लेख्य नेपाली नारी तबलावादकहरूको बारेमा अध्ययन गर्दा सङ्क्षेपमा प्राप्त भएको विवरणका आधारमा उनीहरूको अवस्था, भूमिका, योगदान र चुनौतीहरूको निम्नानुसार चर्चा गरिएको छ ।

**कमला श्रेष्ठ प्रधान**

वि.सं.२००१ मा काठमाडौंमा जन्मनु भएकी बाल्य कालदेखि नै सङ्गीतमा रुचि राख्नु हुने कमला श्रेष्ठले पं शम्भु प्र. मिश्रबाट तबला वादनको शिक्षा लिई वि.सं.२०२८ मा सङ्गीत प्रवीणसम्मको उच्च शिक्षा हासिल गर्नु भयो । तत्कालीन राजा महेन्द्रबाट २ पटकसम्म पदक प्राप्त गर्नु भएकी श्रेष्ठले विभिन्न वरिष्ठ कलाकारहरूसँग साथ सङ्गत पनि गर्नु भएको थियो । आफूले प्राप्त गरेको तबला शिक्षालाई आउँदा पुस्तामा हस्तान्तरण गर्ने कार्यको लागि उहाँले ठहिटिको शान्ती शिक्षा विद्यालय र पद्मकन्या बहुमुखी क्याम्पसमा सह-प्राध्यापकका रूपमा सेवा गर्नु भयो । उहाँको वादन शैली बनारस घरानामा आधारित थियो भन्ने तथ्य उहाँको गुरू पं. शम्भु प्र.मिश्र हुनु भएकोबाट प्रष्ट हुन्छ । तबला स्वतन्त्र वादन, साथ संगत तथा तबला प्राध्यापन तिनै पक्षमा निपूर्ण तबला वादक कमला श्रेष्ठले रेडियो नेपाल लगायत विभिन्न कार्यक्रमहरूमा आफ्नो प्रस्तुति दिनु भएको थियो । वि.सं.२०४२ मा स्वर्गारोहण हुनु भएको उहाँ नेपालको पहिलो तबलावादिकाको रूपमा अमर हुनुहुन्छ (Shakya 2067) ।

**सुमित्रा श्रेष्ठ**

काठमाडौंस्थित सङ्गीतप्रेमी परिवारमा वि.सं.२०१८ पौष १४ मा जन्मनु भएकी सुमित्रा श्रेष्ठ सानै उमेरदेखि सङ्गीतमा रुचि राख्ने गर्नु हुन्थ्यो । सुरूमा पं.कालीप्रसाद शर्मा र पछि पं होमनाथ उपाध्यायसँग उहाँले तबलाको उच्च शिक्षा सम्मको तालिम हासिल गर्नु भयो । कलाकार सुमित्रा श्रेष्ठ गायन तथा सितार वादनमा पनि निकै पोख्त हुनुहुन्छ । तबलामा स्वतन्त्र वादन र साथ संगत दुवै कार्यमा प्रतिभाशाली हुनु भएका सुमित्रा श्रेष्ठ पद्मकन्या बहुमुखी क्याम्पसमा वि.सं.२०४१ देखि प्रशिक्षकको रूपमा सेवा गर्नु हुँदै वि.सं.२०६१ बाट सह-प्राध्यापक जस्तो प्राज्ञिक पदमा रही सङ्गीतको शिक्षामा योगदान पु्याउँदै आउनु भएको छ । स्व. कमला श्रेष्ठको तबला तरंग वादनबाट अत्यन्त प्रभावित भई यस क्षेत्रमा अनवरत सेवा गरिरहनु भएकी सुमित्रा श्रेष्ठ सङ्गीतमार्फत नारी सशक्तीकरण गर्नु गराउनु पर्नेमा अत्यन्त जोड दिन हुन्छ । उहाँले नेपालका वरिष्ठतम सङ्गीतसाधकहरूसँग वादन गर्ने अवसर पाउनु भएको छ । मृदु स्वभावकी धनी उहाँ नारीहरूले पहिले आफूलाई

सक्षम बनाउने र त्यसपछि मात्र आफ्नो हक अधिकार पाउन तम्सिनु पर्नेमा अन्यलाई मार्ग निर्देशन गर्नुहुन्छ । उहाँले वि.सं.२०४३ मा प्रयाग सङ्गीत समितिबाट तबलामा स्नातकोत्तर गर्नु भएको हो । उहाँले पद्मकन्या बहुमुखी क्याम्पसमा सङ्गीतविभाग प्रमुख भई सफल कार्यकाल सम्पन्न गर्नु भएको छ (Shrestha 2066) ।

**सरिता मिश्र**

वि.सं.२०२४ साल असार १५ पशुपतिमा साङ्गिगतिक परिवारको पुत्रीका रूपमा जन्मनु भएको सरिता मिश्रका बाल्यकाल अन्य बालिकाहरू झैं शिक्षा, खेलकुद तथा घरायसी काम  काजका व्यतित भयो । प्रवेशिका परीक्षा उत्तीर्ण पश्चात् ललितकला क्याम्पसबाट चित्रकारी विषय लिई वि.सं.२०४८ मा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गर्नु भएकी तबलावादिका सरिता मिश्रको तबला वादनको यात्रा भने वि.सं.२०४५ बाट विधिवत रूपमा सुरू भयो । स्व पं होमनाथ उपाध्यायको सानिध्य तथा स्व.गुरू अतुल प्र. गौतमको उचित मार्ग निर्देशनको साथसाथ उहाँको तबला वादन अगाडि बढेको हो । प्रयाग सङ्गीत समितिबाट वि.सं. २०५४ सालतिर तबला विषयमा स्नातकोत्तर गर्नु भएकी मिश्र हाल पद्मकन्या बहुमुखी कलेजका तबला प्राचार्या हुनुहुन्छ भने नारायण सङ्गीत प्रतिष्ठान, किरातेश्वर सङ्गीताश्रम, अतुल स्मृति समाज, चेली सङ्गीत समूह जस्ता प्रतिष्ठित संस्थाहरूमा आफ्नो अध्यक्षता पनि प्रदान गर्नुभयो । नाद सङ्गीत विद्यालयकी संस्थापिका सरिता मिश्र मिलनसार, सहयोगी, भावनात्मक साथै सबै कलाकारहरू माझ लोकप्रिय हुनुहुन्छ । उहाँले सङ्गीतको श्रीवृद्धि गर्नमा विशेष योगदान गरे वापत् विभिन्न संस्थाहरूबाट पुरस्कार, अभिनन्दन, पदक प्राप्त गर्नुभएको छ । कवि प्र. गौतम स्मृति पुरस्कार २०४८, वाध सिरोमणि गणेशलाल श्रेष्ठ पुरस्कार - २०५५, नारी वर्ष पुरस्कार-२०६१, पद्म प्रिया हरिप्रिया पुरसकार-२०६२, लुनकरण दास पुरस्कार-२०६५ लगायत धेरै मान सम्मान प्राप्त गर्न सफल सरिता मिश्रले २०७८ वैशाख १ गते राष्ट्रपतिको बाहुलीबाट प्रबल जनसेवा चतुर्थ श्रेणी जस्तो गरिमामय पदकबाट विभूषित हुनु भयो । उहाँले स्थापना एवं सञ्चालन गरिरहनु भएको नाद सङ्गीतपाठशालामा नेपालभरका द्वन्द्व पीडित, अनाथ, असहाय, गरिब, जेहेन्दार विद्यार्थीहरूले हाल निःशुल्क रूपमा सङ्गीतशिक्षा लिइरहेका छन् भने मिश्रको अभिभावकत्वमा सङ्गीत सिकेका दर्जनौं विद्यार्थीहरू हाल पेशेवर कलाकारका रूपमा स्थापित भएका छन् । कलाकार सरिता मिश्रको सङ्गीत क्षेत्रप्रतिको भूमिका र योगदान सदा उदाहरणीय विषय बनिरहने छ । उहाँका थुप्रै साङ्गिगतिक कृतिहरू बजारमा उपलब्ध छन् ।

**मञ्जु नकर्मी**

वि.सं.२०३० सालमा काठमाडौंको बलम्बुमा पिता भीमबहादुर नकर्मी तथा माता श्रीमाया नकर्मीको सुपुत्रीका रूपमा जन्मनु भएको मञ्जु नकर्मीको परिवारमा पिता र दाइ मनराज नकर्मी दुईजना तबला वादक तथा सङ्गीतकारको रूपमा प्रसिद्ध हुनुहुन्छ ।

बाल्यकालदेखि नै आफ्नो पिताको काखमा बसेर तबलामा वर्णहरू बजाउन थाल्नु भएकी नकर्मीले वरिष्ठ गुरू रामहरि गुरूङको प्रेरणा र सानिध्यमा तबलावादनको शिक्षा लिई वि.सं.२०६८ मा प्रयाग सङ्गीत समितिबाट तबला विषयमा स्नातकोत्तर गर्नु भएको थियो । UNHCR, Kathmandu-JCI लगायत धेरै संस्था संस्थाहरूबाट सम्मान र अभिनन्दन पत्र प्राप्त गर्नु भएकी नकर्मी श्री तारा व्याण्डको ताल वादिका हुनुहुन्छ । भजन, गजल पनि गाएर मन्त्रमुग्ध बनाउने कला भएकी नकर्मी सङ्गीत पनि दिने गर्नुहुन्छ भने हालसम्म यही विधामा क्रियाशील रहँदै आउनु भएको छ ।

## संस्कृति श्रेष्ठ

वि.सं.२०४७ सालमा साङ्गीतिक वातावरणमा हुर्किएकी संस्कृति श्रेष्ठ आफ्नो बाल्यकालमा काठमाडौँमा र हालको युवा अवस्थामा युरोपियन देशहरूमा नेपाली तबला वादिकाको रूपमा प्रसिद्ध छिन् । सुमित्रा श्रेष्ठ र पं. होमनाथ उपाध्यायसँग तबला तालिम लिएकी संस्कृतिले विद्यालय स्तरीय पठन पाठनमा पनि तबला सङ्गीतलाई नै पछ्याउँदै तबला वादनको यात्रा नियमित राखिन् । उनले वि.सं.२०६५मा प्रयाग सङ्गीत समितिबाट तबला विषयमा स्नातकोत्तर गरेकी छिन् भने वि.सं.२०७३ मा Norwegian Academy of Music बाट सङ्गीतमा स्नातकोत्तर  गरिन् । नेपाली सङ्गीतको प्रचार प्रसारको लागि पश्चिमी देशमा धेरै कलाकारहरूसँग साङ्गितिक सहकार्य गर्दै आएकी संस्कृतिका दर्जनौं एल्बमहरू पश्चिमी देशहरूमा प्रचारमा रहेका छन् ।

## अन्य नारी तबलावादकहरू

वरिष्ठतम लगायत केही कनिष्ठ जो हाल भिन्न भिन्न गुरूहरूसँग तबला प्रशिक्षण लिई केही प्रस्तुति दिन सक्ने भएका छन्, उनीहरूमा रुवी लाखेको नाम हाल चर्चाका रहेको छ । उनी मिलेस तण्डुकारसँग तबला सिकिरहेकी छिन् । उनी तबलावादन क्षेत्रकी एक पारङ्गत कलाकारको सम्भावना बोकेकी तबला विद्यार्थी हुन् । त्यस्तै अर्कि तालबादिका शारदा डङ्गोल हुन् (Bhandari 2078) । आरती गुरूङ जो अतुल स्मृति गुरूकुलकी उपज हुन् । हाल समिर डेसँग तबलाको तालिम लिँदै छिन् भने गङ्गा लामा, जमुना लामा जो सरिता मिश्रसँग निकट रही तबला वादनमा यात्रारत रहे । राम्रो सम्भावना बोकेका यी दिदीबहिनी हाल समय परिस्थितिका कारण यो क्षेत्रमा त्यति देखिएका छैनन् । साधना श्रेष्ठ, वन्दना श्रेष्ठ पनि यस्तै सम्भावना  बोकेका तबला विद्यार्थी थिए । ललितकला क्याम्पसबाट तबला वादनमा स्नातक गरेकी मञ्जु सुनार पनि निकै सम्भावना बोकेकी तबला विद्यार्थी हुन् । स्व. रबिनलाल श्रेष्ठ, परशुराम पौडेल, विजयलाल श्रेष्ठसँग तबलावादनको शिक्षा हासिल गरेकी उनी तबला विषयमा स्नातकोत्तर गर्ने तयारिमा छिन् भने सीता श्रेष्ठ (सरिता मिश्र), उमा थापा (नाद सङ्गीत पाठशाला), तारा नुमिहाङ, ओजश्वी, तेजश्वी, राजश्वी पोखरेल, विना चौलागाई (अतुल स्मृति गुरूकुल) आदि अन्य हुन् । हालका प्रतिभाबान गायिका

सुजाता बर्मा (गुरू सन्तोष बर्मा र परशुराम पौडेल) जसले तबला वादनमा निकै ज्ञान हासिल गरेकी छिन् भने सीता भण्डारी (गुरू अच्युतराम भण्डारी), विद्या शाही अर्की महिला विद्यार्थी हुन् । त्यस्तै काठमाडौँबाट टाढा रहेकी वीरगञ्ज निवासी ममता चौधरी अर्को तबला विद्यार्थी हुन् । उनले गुरू पं.सत्य नारायण चौधरीसँग तबला वादन शिक्षा लिएर प्रयाग सङ्गीत समितिबाट वि.सं.२०६२ मा चौंथो वर्षसम्मको अध्ययन पूरा गरिन् । आफ्ना हजुरबुबाको निधन (शाक्य, २०६७) पश्चात् तबला वादनलाई कम प्राथमिकता दिँदै हाल वीरगञ्ज नगरपालिका कार्यालयमा कम्प्युटर अपरेटरको रूपमा कार्यरत छिन् ।

## नारी सहभागीका केही चुनौतीहरू

तबला वादकको क्षेत्रमा पुरूष वर्गको अग्राधिकार विगतदेखि वर्तमानसम्म अधिकांश रहेको छ । यसो हुनुका मुख्य कारक तत्त्वहरू जो महिला तबला वादिकाहरूका लागि चुनौतीका विषय बनेका छन् । ती हुन् :

### पुरूषप्रधान शास्त्रकार

विभिन्न काल खण्डमा बनेका प्रस्तर, चित्र, साहित्यपरक कृतिहरूमा महिला तालवादकहरू मृदङ्ग, झ्याली, ढोल, खैँजडी, तबला जस्तो बाजा लिएको उल्लेख भएको पाइए तापनि तत्काल र त्यसपछिका शास्त्रकारहरूले महिला ताल वादकहरूको बारेमा केही पनि ध्यान नदिएको कुरा प्रष्ट छ । महिलाकर्मीहरूको काम त के, नाम समेत केही कतै उल्लेख छैन । तथापि यदाकदा किंवदन्तीमा सीमित भएको पाइएको छ । वैदिक कालमा सङ्गीतमा पुरूष र महिला दुवैको वर्चश्व स्थापित थियो भन्ने कुरा वैदिक शास्त्रहरूबाट प्रष्ट हुन्छ । तर पछिल्ला समयमा पुरूष प्रधान समाजको प्रादुर्भाव पश्चात् महिलाहरू तुलनात्मक रूपमा सङ्गीत क्षेत्रमा कमै कार्यरत देखिन्छन् ।

### बाल विवाह

हाम्रो हिन्दु समाजमा एकातिर बाल विवाहलाई धार्मिक मूल्य मान्यताको रूपमा लिइएको छ भने अर्कोतिर यसैका कारण समाजमा अत्यन्त विकराल स्थितिको विकास भइरहेको छ । ऋग्वेद र अर्थववेदमा वर्णन भएअनुसार हरेक स्त्रीका विवाहपूर्व ३ पुरूष सोम (श्रृङ्गार), अग्नी (चरित्र) र गन्धर्व (सांस्कृतिक विकास) तथा विवाह पश्चात् श्रीमान् स्वरूप पुरूष मानिस गरी ४ पुरूष व्यवस्था गरिएको पाइन्छ (Srivastav 1962) । यी ४ पुरूषमध्ये गन्धर्व सङ्गीतसँग सम्बन्धित छ । यो प्रावधान अनुरूप वैदिक कालका सङ्गीतशिक्षा स्त्रीमा हुनुपर्ने एक प्रमुख गुण र योग्यता रहेको कुरा प्रमाणित हुन्छ । तर त्यसभन्दा पछि हिन्दु समाज लगायत अन्य धर्मावलम्बी समुदायमा बाल विवाहलाई पुण्यात्मक कार्यको रूपमा लिइने गरिएको देखिए तापनि अहिले बाल विवाह धर्मभन्दा पनि महिलाप्रतिको अमानवीय कार्यको रूपमा लिइन्छ । बाल विवाहको कारणले बालिकाहरूको पालन पोषण लगायत

स्वास्थ्य, शिक्षा क्षेत्रमा नकारात्मक असर परिरहेको छ । यस्तो कार्यबाट सङ्गीत जगत् पनि अछुतो छैन ।

## शासन व्यवस्था

हरेक देशको र समाजको शासन व्यवस्था अनुरूप त्यस देशको नीति, नियम, निर्देशिका प्रभावित हुँदै आइरहेको हुन्छ । वैदिक कालमा नारी पुरूष दुवै सङ्गीतमा समान सहभागी हुने गरेकोमा त्यसपछि हिन्दु, मुस्लिम, क्रिश्चियन समाजमा नारीप्रतिको दृष्टिकोण फरक फरक हुँदै आएको छ । मध्यकालीन हिन्दु समाजमा नारीप्रतिको दृष्टिकोण पक्षपाती थियो भने मुस्लिम समाजमा आजसम्म पनि नारी स्वतन्त्रताप्रति नकारात्मक देखिन्छ । प्रकृतिगत आधारमा पनि महिलाको व्यवहार र उत्तरदायित्व घर परिवारको रेखदेखमा मात्र सीमित हुनु नै आजको परिवेशमा ताल बाजा “तबला” विषयमा महिला सहभागिता न्यून हुनु अर्को प्रमुख चुनौती हो । हाम्रो देश लगायत अन्य देशका राज्य व्यवस्थाद्वारा हरेक क्षेत्रमा महिला सहभागिताको निश्चित दर (नेपालमा ३३%) तोकिए तापनि उचित शिक्षा, स्वास्थ्य, शारीरिक, मानसिक कारणले गर्दा व्यवहारमा भने महिलाहरू अझै अगाडि आउन नसकेको कुरामा दुई मत छैन ।

## श्रमपरक शिक्षा

तबला वादन सुरूवातदेखि नै श्रमपरक र चिन्तनपरक शिक्षा हो । पाकिस्तानी उपन्यासकार उज्मा असलम खाँले आफूले तबला वादनको तालिम लिँदा भोगेका तीता अनुभवलाई एक लेख “Where are the women tabla players” मा प्रकाशित गरेकी छिन् (Khan 2014, p -1), जसमा तबला वादनमा नारी सहभागिता नहुनुका कारणहरूमध्ये शारीरिक दुर्बलतालाई प्रमुख रूपमा लिइएको देखिन्छ । त्यस्तै पुरूष गुरू वर्गमा निहित अहंवादी दृष्टिकोण रहने गरेको तथ्य खाँ र एक कलाकार बीच भएको वार्तालापबाट सावित हुन्छ । तर वास्तविकता अर्को पनि छ । निकै नै शारीरिक मानसिक श्रम पर्ने अन्य विधाहरू जस्तै : कथक, भरत नाट्यम्, चर्या नृत्य, ध्रुपद गायन वादन लगायत अन्य क्षेत्रहरू शिक्षा, स्वास्थ्य, खेलकुद, निर्माण, पर्यावरण, अन्वेषण आदि क्षेत्रमा त महिलाहरू आफ्नो प्रभावकारिता प्रमाणित गर्न कुनै पुरूषभन्दा केही कम छैनन् भने तबला वादनमा उनीहरूको सक्षमता नहुने प्रश्नै छैन । यसको प्रत्यक्ष उदाहरण हाल तबला वादनका नाम, काम, दाम र सम्मान बटुलिरहेका नारी  रत्नहरूबाट देख्न सकिन्छ । तर, मात्र शारिरिक कोमलतालाई आधार बनाएर तबला वादनको क्षेत्रका महिला सहभागिता खुम्चिएको हो भन्ने धारणा स्वयं महिला र पुरूष दुवैले बदल्नु आजको आवश्यकता हो ।

## रोजगारीको अवसर

आजको परिवेशमा शिक्षाको अन्तिम लक्ष्य रोजगारी नै भएको छ, न कि ज्ञान प्राप्ति  । देश विदेशका सङ्घ, संस्था, विद्यालय, विश्वविद्यालयमा सङ्गीत सम्बन्धी शिक्षाको

सुरूवात बौद्धकालिन नालन्दा विश्वविद्यालय, तक्षशिला विश्वविद्यालय, विक्रमशिला विश्वविद्यालयदेखि लिएर विविध काल खण्डहरू हुँदै आजसम्म चलि आएको हो । त्यसैगरी शिक्षित एवं दक्ष महिलाहरूको लागि सरकारी तवरबाटै निश्चित महिला कोटाको व्यवस्था भए तापनि महिलाको व्यक्तिगत, शारीरिक, मानसिक, पारिवारिक आदि कारणले गर्दा रोजगारी प्राप्त गर्न व्यवधान आइरहेको कुरा नकार्न सकिँदैन । त्यस्तै असमान दरको पारिश्रमिक व्यवस्थाले गर्दा पनि तबलावादनमा महिलाहरूको सहभागिता न्यून देखिन्छ ।

## कोठी सङ्गीत

तबला वादनको प्रचार प्रसार  तथा विकासका कोठी सङ्गीतले पनि महत्त्वपूर्ण योगदान दिएको छ । सङ्गीत मनोरञ्जनको विषय हो । मध्यकालमा महाभारत खण्ड अन्तर्गतका देशहरू स-साना राज्यका विभक्त भए अनुरूप सङ्गीत मनोरञ्जनको प्रमुख साधनको रूपमा दरबार र कोठीहरूमा सीमित हुन पुग्यो (Gopali 2069) । दरबारका कोठीहरूमा गायन, वादन, नृत्यलाई क्षणिक आनन्दको विषयको रूपमा स्थापित गरियो । तर कोठी सङ्गीतलाई समाजका पेशेवर महिलाहरूले पुरूषलाई आकर्षित गर्दै आफ्नो जिविका चलाउने कार्यमा  पनि प्रयोग गर्ने परिपाटीको विकास भए बमोजिम समाजका शिक्षित, सभ्य र समृद्ध समुदायले न्यून कोटीको क्षेत्रको संज्ञा दिँदै आफ्ना छोरी चेली वर्गहरूलाई तबला वादनको क्षेत्रमा नलाग्न अभिप्रेरित गर्ने गरेकोले पनि तुलनात्मक हिसाबमा तबला वादनमा नारी सहभागिता न्यून भएको तथ्य नकार्न सकिँदैन ।

## निष्कर्ष

महिला सशक्तीकरणको नारा अहिलेका सबै देशका राज्य व्यवस्थाको मूल मन्त्र रहि आएको हालको परिप्रेक्ष्यमा पुरूषलाई झैँ महिलालाई पनि करिब करिब समान अवसर प्रदान र प्राप्त हुँदै आइरहेको छ तापनि महिलाले पाउने पारिश्रमिकमा भने अझै असमानता देखिन्छ । प्राचीन कालदेखि हालसम्मका विविध कालखण्डहरूमा महिला कलाकारहरूको पुस्तान्तरण रिक्तता (Generation gap) भएको यथार्थ, माथि उल्लिखित सम्पूर्ण धारणा र तर्कद्वारा प्रष्ट हुन्छ । यस किसिमको रिक्ततालाई परिपूर्ति गर्न महिला वर्गले आफैँप्रति पालेको दृष्टिकोण र नीति निर्माताका रूपमा शासन व्यवस्थामा रहेका एवं तबला गुरूका रूपमा तबला वादनको बागडोर सम्हाल्दै आएका पुरूष वर्गले महिलाप्रति देखाउने गरेको सोच, धारणालाई समयसापेक्ष परिवर्तन गर्दै महिलाहरूको सशक्तीकरणको अभियानमा केन्द्रित गर्नु आजको प्रमुख आवश्यकता हो । महिला र पुरूष एक रथका दुई पाङ्ग्रा भन्ने धारणालाई व्यवहारमा पनि कार्यान्वयन गर्नु र गराउनु यो सभ्य समाजको मूल कर्तव्य हो । त्यसैले तबलावादनमा चुनौती रहे पनि उचित प्रशिक्षण र सोचाइमा परिवर्तन हुने हो भने नारी बढी सशक्त हुने सम्भावना देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

Acharya, S. (2056). *Sangitamrit* (2nd ed.). Kathmandu, Sangitamrit Prakashan samiti.

Bhandari, A. (2078). *Madal guide*. Kathmandu, Bhandari Prakashan.

Bhattarai, G. (2039). *Bharat ko natya shastra*. Kathamndu, Nepal Academy.

Chaudhari, S. (2000). *Sangit ratnakar ( Expaination )*. Mumbai, Radha Publication

Gopali, D. B. (2069). *Sangit sutra*. Kathmandu. Ram Keshari Gopali Publication.

Hallam, S., Rogers, L. & Creech, A. (2008). Gender differences in musical instrument choice. *International Journal of Music Education,* **26**(1): 7-19. https://doi.org/10.1177/0255761407085646

Khan, U. A. (2014 May 01). *Where are the women tabla players?* Dawn. https://www.dawn.com/news/1103287. Accessed: 20.12.2020

Kippen, J. (1991). *The tabla of Lucknow: A cultural analysis of a musical tradition*. UK, Oxford University Press. https://www.jstor.org/stable/736863?seq=1 Accessed: 23.04.2021.

Sahai, S. (2020). *Torchbearer of the Benares Gharana of Tabla*. Sanju Sahai. https://www.sanjusahai.com/ Accessed: 25.04.2021

Mishra, I. A. (2020). Women and nature in BP Koirala's sumnima: An ecofeminist study. *Dristikon: A Multidisciplinary Journal,* **10**(1): 128-142

Mishra, L. (1992). *Bharatiya sangit vadya*. New Delhi, Kanishka Publication.

Mishtri, A. E. (1999). *Tabala history, school and tradition*. Mumbai, Swar Sadhana Samiti.

Mishtri, A. E. (2000). *Tabla gharana aur parampara*. Mumbai, Swar Sadhans Samiti.

Poudel, P. P. (2021). Ubiquity of music and its prevalence – some approaches. *Sangeet Galaxy,* **10**(2): 40-49

Regmi, D. C. (2003). *History of music in Nepal-rana period*. Delhi University. Unpublished Thesis.

Sen, A. K. (2005). *Bharatiya talo ka shastriya vibechan*. MP, Madhyapradesh Hindi Academy.

Shakya, R. (2067). *Taal gyan*. Lalitpur, Satya Narayan Chaudhari Smriti Pratishthan.

Shrestha, S. (2066). *Nepal ma tabla ko kramik bikash*. Kathmandu, Shrestha Publication.

Shukla, Y. (2003). *Tabale ka Udgam bikash aur shaili*. New Delhi, Delhi University.

Singh, T. J. (1994). *History of Indian music*. Kolkata, Sangit Research Academy.

Srivastav, G. C. (2010). *Taal parichaya-3*. Allahbad, Rubi Publication.

Srivastav, H. (1962). *Sangit nibandha sangraha*. Allahbad, Sangit Sadan.

दीक्षित, प्रदीपकुमार (२००५), *स-रस सङ्गीत,* वाराणासी, किशोर विद्या सदन ।

प्रधान, शकुन्तला (२०१४), *संगीत निबन्ध संग्रह,* काठमाडौँ, भुँडिपुराण प्रकाशन ।

वसन्त (१९९१), *सङ्गीत विशारद,* हाथरस, संगीत कार्यालय ।